**क) निकायको स्वरुप र प्रकृतिः**

स्थानिय निकाय जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिलाई स्थानिय स्वायत्त शासन ऐन २०५५, स्थानिय स्वायत्त शासन नियमावली २०५६, र स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०५६ मा बिकेन्द्रीकरणको माध्यमबाट जनतालाई शासन प्रक्रियामा बढी भन्दा बढी मात्रामा सहभागिता र आफ्नो क्षेत्रको विकासको लागि परिचामलन, बिनियोजन र विकासको प्रतिफल सन्तुलित तथा समान वितरणको गर्ने भन्ने प्रस्तावनामा नै उल्लेख गरेको छ। यस स्वरुप प्रकृति यसरी रहेको हुन्छ।



## नगरपालिकाको काम कर्तब्य र अधिकार

नगर परिषद्को निर्णय र निर्देशनहरु कार्यान्वयन गर्नु गराउनुको अतिरिक्त नगरपालिकाले नगरपालिका क्षेत्रमा अनिवार्य रुपमा गर्नु पर्ने काम र कर्तव्य देहाय बमोजिम हुनेछ :-

क) **अर्थ सम्बन्धी**

(१) नगरपालिकाको वार्षिक बजेट, योजना र कार्यक्रमहरु तयार गरी नगर परिषद्मा पेश गर्ने ।

(२) आय र व्ययको लेखा र तत्सम्बन्धी अन्य कागजातहरु अद्यावधिक रुपमा राख्ने ।

(३) स्वीकृत बजेटको परिधिभित्र रही नगरपालिकाको निर्णय कार्यान्वयन गर्न रकम खर्च गर्ने ।

(४) नगर परिषद्ले स्वीकृत गरेको कर, दस्तुर, शुल्क आदि नगरपालिका क्षेत्रको

**ख) भू-उपयोग नक्सा बनाई**

१) औद्योगिक, आवासीय, कृषि, मनोरन्जन स्थल आदि क्षेत्र तोक्ने र कार्यान्वयन गर्ने, गराउने ।

(२) नगरपालिका क्षेत्रमा आवास योजना बनाई कार्यान्वयन गर्ने, गराउने ।

(३) नगरपालिका क्षेत्रमा खानेपानी र ढल निकास सम्बन्धी योजना कार्यान्वयन गर्ने तथा त्यसको संचालन र मर्मत सम्भार गर्ने, गराउने ।

(४) नगरपालिका क्षेत्रभित्रका विभिन्न ठाउ“हरुमा हरियो क्षेत्र, उद्यान र मनोरन्जन स्थलहरुको विकास गर्ने, गराउने ।

(५) नगरपालिका क्षेत्रका विभिन्न ठाउ“हरुमा सार्वजनिक शौचालयको व्यवस्था गर्ने, गराउने ।

(६) नगरपालिका क्षेत्रमा निर्माण गरिने घर, भवन आदि को नक्सा पास गर्ने, गराउने ।

(७) सामुदायिक भवन तथा विश्राम गृह बनाउने ।

**(ग)जलस्रोत वातावरण र सरसफाई सम्बन्धीः**

(१)नगरपालिका क्षेत्रमा रहेका खोलानाला, कुवा, इनार,पोखरी, तलाउ, ढुंगेधारा आदिको संरक्षण गरी सदुपयोग गर्ने, गराउने ।

(२)नगरपालिका क्षेत्रमा सिंचाई योजना लागू गर्नु पर्ने भएमा त्यसको योजना बनाई कार्यान्वयन गर्ने,गराउने ।

(३)नगरपालिका क्षेत्रमा सम्भावित नदी कटान, बाढी तथाभू-क्षय आदिको नियन्त्रण र रोकथाम गर्ने, गराउने ।

(४)नगरपालिका क्षेत्रमा हुने जल, वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने, गराउने ।

(५)नगरपालिका क्षेत्रभित्रका वन, वनस्पति तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण गर्ने, गराउने ।

(६)नगरपालिका क्षेत्रमा सरसफाईको कार्यक्रम संचालन गर्ने, गराउने ।

(७)फोहर मैला संकलन, ढुवानी तथा तह लगाउने सम्बन्धी कामको संचालन र व्यवस्थापन गर्ने गराउने ।

(८)नगरपालिका क्षेत्रमा विद्युत उत्पादन तथा वितरण गर्ने, गराउने ।

**(घ)शिक्षा तथा खेलकूद विकास सम्बन्धी**

(१)आ)नो स्रोतबाट नगरपालिका क्षेत्रमा पूर्व प्राथमिक विद्यालय स्थापना, संचालन र व्यवस्थापन गर्ने तथा स्थापना गर्न अनुमति दिने ।

(२)नगरपालिका क्षेत्रभित्र संचालन भएका विद्यालयहरुको संचालन र व्यवस्थापनमा सहयोग पुऱ्याउने र त्यस्ता विद्यालयहरुको स्थापना र खारेजीको सिफारिस गर्ने ।

(३)नगरपालिका क्षेत्रभित्र मातृ भाषामा प्राथमिक तहको शिक्षा उपलब्ध गराउन सहयोग गर्ने ।

(४)आर्थिक दृष्टिले अत्यन्त पिछडिएका उत्पीडित जनजातिहरुका छात्रछात्राहरुलाई छात्रवृत्ति दिने व्यवस्था मिलाउने ।

(५)नगरपालिका स्तरीय प्रौढ शिक्षा तथा अनौपचारिक शिक्षा सम्बन्धी कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने, गराउने ।

(६)नगरपालिका क्षेत्रमा पुस्तकालय तथा वाचनालयकोस्थापना, संचालन तथा व्यवस्थापन गर्ने गराउने ।

(७)खेलकूद विकास कार्यक्रमहरु बनाई कार्यान्वयन गर्ने,गराउने ।

(८)नगरपालिका स्तरीय खेलकूद विकास समिति गठन गरी खेलकूदको विकास गर्ने, गराउने ।

**(ङ)संस्कृति सम्बन्धीः**

(१)नगरपालिका क्षेत्रभित्रका सांस्कृतिक तथा धार्मिक महत्वका स्थानहरुको लगत तयार गरी तिनीहरुको मर्मत सम्भार गरी संरक्षण र सम्बर्द्धन गर्ने, गराउने ।

(२) नगर पालिका क्षेत्रभित्रका पुरातात्वीक वस्तु, भाषा, धर्म, कला र संस्कृतिको संरक्षण, सम्बर्द्धन एवं प्रयोग गर्ने,गराउने ।

**(च)निर्माण तथा यातायात सम्बन्धी**

नगरपालिका क्षेत्रभित्र श्री ५ को सरकारको जिम्मामा रहेको सडक बाहेक आवश्यक पर्ने कच्ची, पक्कीसडक, पुल, कलभर्टहरुको योजना बनाई निर्माण तथा मर्मत सम्भार गर्ने, गराउने ।

(२) नगरपालिका क्षेत्रभित्र बसपार्क, रिक्सा, टा॰ा, ट्रकआदिको पार्कि॰ व्यवस्था गर्ने, गराउने ।

(३) नगरपालिकाको यातायात आवश्यकतालाई विचार गरी ठेला, रिक्सा, टाङ्गा आदिको अधिकतम हद् तोक्ने र तिनीहरुलाई दर्ता गरी नम्बर दिने ।

**(छ) स्वास्थ्य सेवा सम्बन्धी**

(१) नगरस्तरीय अस्पताल, आयुर्वेदिक औषधालय र स्वास्थ्य केन्द्रहरुको संचालन र व्यवस्थापन गर्ने, गराउने ।

(२) नगरपालिका क्षेत्रभित्र स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीहरु खोल्ने, संचालन र व्यवस्थापन गर्ने,गराउने ।

(३) परिवार नियोजन, मातृशिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र स्वास्थ्यसम्बन्धी कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्ने, गराउने ।

(४) महामारी तथा संक्रामक रोगको रोकथामको व्यवस्था गर्ने, गराउने ।

(५) नगरपालिका क्षेत्रमा जनस्वास्थ्यको लागि हानिकारक चिज वस्तुको सार्वजनिक प्रयोगमा रोक लगाउने वा हटाउने ।

(६) जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचबिखन र उपभोगमा रोक लगाउने ।

**(ज) समाज कल्याण सम्बन्धी**

(१) वेवारिस मृतक व्यक्तिको दाह संस्कारको व्यवस्था गर्ने, टुहुरा, असहाय तथा अनाथहरुको लागि अनाथालयको व्यवस्था गर्ने, गराउने ।

(२)महिला तथा बालबालिकाको हित र कल्याण सम्बन्धी कार्यक्रम संचालन गर्ने तथा अनैतिक पेशा व्यापार नियन्त्रण सम्बन्धी कार्य गर्ने, गराउने ।

**(झ) उद्योग तथा पर्यटन सम्बन्धी**

(१) नगरपालिका क्षेत्रमा घरेलु, साना तथा मझौला उद्योगको प्रवर्द्धनमा उत्प्रेरकको काम गर्ने, गराउने ।

(२) नगरपालिका क्षेत्रभित्रको प्राकृतिक, सांस्कृतिक तथा पर्यटकीय सम्पदाको संरक्षण, सम्बर्द्धन, विस्तार र सदुपयोग गर्ने, गराउने ।

**(ञ)विविध**

(१) नगरपालिका क्षेत्रको सडकको दाया“ बाया“ र अन्य आवश्यक ठाउ“मा वृक्षारोपण गर्ने ।

(२) कान्जी हाउस, पशु वधशाला राख्ने स्थानको निर्धारण र व्यवस्थापन गर्ने ।

(३) नगरपालिका क्षेत्रको ऐलानी तथा सरकारी पर्ति जग्गाहरुको संरक्षण गर्ने ।

(४) मसान घाटको निर्धारण र व्यवस्थापन गर्ने ।

(५) व्यापार तथा वाणिज्यको विकासको लागि काम गर्ने ।

(६) नगरपालिकाको विनियम तर्जुमा गरी नगर परिषद्मा पेश गर्ने ।

(७) दैवी प्रकोप नियन्त्रण गर्ने सम्बन्धमा आवश्यक काम गर्ने ।

(८) नगरपालिका क्षेत्रभित्रको जनसंख्या तथा घर जग्गाको लगत राख्ने ।

(९) प्रचलित कानून बमोजिम जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ।

(१०) नगरपालिका क्षेत्रभित्रका असहाय, अनाथ र अपाङ्ग वालवालिकाहरुको लगत राख्ने र तिनीहरुलाई उपयुक्त ठाउ“मा राख्ने व्यवस्था गर्ने ।

(११) बहुला तथा छाडा कुकुर मारी सार्वजनिक हितको सुरक्षा गर्ने र मरेका पशुपंक्षी गाड्ने ठाउ“ तोक्ने ।

(१२) खतरा उत्पन्न गर्ने रुख काट्न लगाउने, घर पर्खाल आदि भत्काउन लगाउने ।

(१३) नगरपालिका क्षेत्रको घरको ब्लक नम्बर अद्यावधिक राख्ने ।

(१४) पशु बधशालाको प्रवन्ध गर्ने ।

(१५) छाडा पशु पक्राउ गरी लिलाम गर्ने ।

(१६) गल्ली तथा सडकमा बत्तीको व्यवस्था गर्ने ।

(१७) नगरपालिका क्षेत्रमा सिनेमा हल खोल्न स्वीकृति दिने ।

(१८) हाट, बजार, मेला आदिको प्रबन्ध गर्ने, गराउने ।

(१९) बारुण यन्त्रको संचालन र व्यवस्थापन गर्ने, गराउने ।

(२०) कुनै विशिष्ट व्यक्तिलाई नगरको सम्मानार्थ विशिष्ट व्यक्तिको रुपमा सम्मान प्रदान गर्ने ।

(२१) नगरपालिका क्षेत्रको विकास सम्बन्धी अन्य कामहरु गर्ने, गराउने ।

(२२) सहकारिताको विकासको लागि सहयोग पुऱ्याउने ।

(२३) सचिवको कार्यको मूल्या॰न गरी सिफारिश सहित अख्तियारवाला समक्ष पठाउने ।

(२४) नगरपालिकालाई आय आर्जन हुने सहकारी, औद्योगिकतथा व्यवसायिक कार्यक्रम निजी क्षेत्रको समेत लगानीमा संचालन गर्न प्रोत्साहित गर्ने, गराउने ।
(२५) सहकारितामा आधारित विविध कार्यक्रमहरु तर्जुमा गरी संचालन गर्ने, गराउने ।

**(२६) प्रचलित कानून बमोजिम तोकिएका अन्य कामहरु गर्ने ।**

नगरपालिकाले उपदफा (१) बमोजिमका काम, कर्तव्यको अतिरिक्त नगरपालिका क्षेत्रमा देहाय बमोजिमका ऐच्छिक कामहरु समेत गर्न सक्नेछः-
(क) नगरपालिका क्षेत्रभित्र स्तरयुक्त विद्यालय शिक्षा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउने ।
(ख) नगरपालिका क्षेत्रबाट निरक्षरता निर्मूल पार्न साक्षरता कार्यक्रमहरु संचालन गर्ने ।
(ग) नगरपालिका क्षेत्रका विभिन्न ठाउँहरुमा पुस्तकालय तथा वाचनालयहरु स्थापना गरी संचालन गर्ने ।
(घ) नगरपालिका क्षेत्रभित्र अव्यवस्थित बसोबास नियन्त्रण गर्ने ।
(ङ) निर्देशित जग्गा विकास, भू-उपयोग जस्ता कार्यहरुको माध्यमबाट नगरको बनावट तथा विकासलाई यवस्थित तुल्याउने ।
(च) बृद्ध तथा अनाथ आश्रमहरुको व्यवस्था गर्ने ।
(छ) विद्युत आपूर्ति र संचार सुविधाको व्यवस्था मिलाउने ।
(ज) नगरपालिकामा मनोरन्जन स्थल, कृडास्थल, संग्रहालय, चिडियाखाना, पार्क आदिको व्यवस्था मिलाउने ।
(झ) बेरोजगारी कम गर्न बेरोजगारहरुको तथ्यांक संकलन गरी रोजगारमूलक कार्यक्रमहरु संचालन गर्ने ।
(ञ) नदी प्रदुषण नियन्त्रण गर्न कार्यक्रमहरु संचालन गर्ने ।
(ट) नगरपालिका क्षेत्रमा एम्बुलेन्स सेवा उपलब्ध गराउने ।
(ठ) नगरपालिका क्षेत्रमा सव वाहनको व्यवस्था मिलाउने ।
(ड) दैवी प्रकोपबाट हुने धनजनको क्षती कम गर्न निरोधात्मक तथा उद्धारका कार्यहरु गर्ने ।
(३) नगरपालिका क्षेत्रमा गर्नु पर्ने विकास निर्माण कार्यको लागि उपभोक्ता समूह तथा अन्य गैर सरकारी संस्थाहरुलाई प्रोत्साहित गरी यथासम्भव त्यस्ता समूह वा संस्थाहरु मार्फत गर्नु गराउनु पर्नेछ ।
(४) नगरपालिकाले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम बमोजिम आफूलाई प्राप्त भएको अधिकारको प्रयोग गर्नेछ ।

## कर्मचारीको नाम र कार्य विवरण

प्रशासन शाखा

यस शाखाबाट सम्पादन गरीनु पर्ने कार्यहरु देहाय बमोजिम रहेका छन् ।

- ❖ शाखा संग सम्बन्धीत बिषयहरु नगरपालिकाको परिषद तथा बार्डबाट निर्णय गराउन आबस्यक पर्ने भएमा सोको बिस्तृत बिबरण तयार गरी कार्यकारी अधिकृत समक्ष पेश गर्ने ।
- ❖ नगरपरिषद र नगरपालिका बैठक संचालनको लागी ब्यबस्था मिलाउने र कार्यान्वयनका लागी सम्बन्धित शाखामा पठाउने तथा नगरपालिका बार्डबाट शाखा संग सम्बन्धित बिषयमा भएका निर्णयहरुको कार्यान्वयन गर्ने गराउने ।
- ❖ शाखा संग सम्बन्धित कार्यहरुको बिषयमा नितिगत गर्ने कार्यबिधि निर्देशिका तयार गर्ने र कार्यक्रम बनाई पेश गर्ने ।
- ❖ शाखा अन्तरगतका उपशाखा तथा ईकाइहरुबिच अन्तरसमन्वय तथा सहयोग गर्ने ।
- ❖ शाखा अन्तरगत उपशाखाको दैनिक कर्य अनुगमन , निरिक्षण गर्नेर निर्देशन दिने ।
- ❖ शाखा मातहत सम्पन्न गर्नुपर्ने कार्यहरुको अध्ययन बिश्लेषण , मूल्याङकन तथा सुझाब संकलन गरी सुधारोन्मूख कार्यहरु गर्ने ।
- ❖ मातहतका सबै उपशाखाहरुमा तोकिएका कार्यहरुको नियमित मूल्याङकन गरी कार्यकारी अधिकृत समक्ष पेश गर्ने ।
- ❖ मातहतका कर्मचारीहरुको कार्यसम्पादन मुल्याङकन गर्ने ।
- ❖ मातहतका कर्मचारीहरुको दण्ड तथा पुरस्कार सम्बन्धि आबस्यक कार्य गर्ने ।
- ❖ शाखा अन्तरगतका शाखा, उपशाखाका सबै कर्मचारीहरुको कार्य बिबरण अद्याबधिक गरी सो बमोजिम भए नभएको बिबरण तयार गरी कार्यकारी अधिकृत समक्ष पेश गर्ने ।
- ❖ मागभएका बिषयमा शाखा, उपशाखाहरुबा६ समेत राय लिनुपर्ने लिई राय उपलब्ध गराउने ।
- ❖ नगरपालिका अन्तरगतका अन्य योजना , शाखा वा सम्बन्धी पदाधिकारी, कर्मचारीसंग समन्वय राखी कार्य गर्ने ।
- ❖ उपलब्ध गराउने सेवाहरुलाई सरल, सहज, चुस्त, दुरुस्त, पारदर्सि र मितब्ययी गराउन थप गर्नु पर्ने सुधारका कार्यक्रमहरु पेश गर्ने ।
- ❖ तालीम, अध्ययन, अध्ययन भ्रमण जस्ता कर्यक्रमहरुमा मनेनयन गर्नुपर्नेमा सिफरिस साथ कार्यकारी अधिकृत समक्ष पेश गर्ने ।
- ❖ शाखा उपशाखामा जिन्सी समान, सवारी साधन लगाएतका बस्तुहरुको रेकर्ड राखी राख्न लगाई आबस्यक प्रतिबेदन समेत तयार गर्ने ।
- ❖ नगरपालिकामा कर्मचारी प्रशासन सम्बन्धि आन्तरीक निति निर्माण सम्बन्धि कार्यको लागी समन्वयगरी आबस्यक ब्यबस्था मिलाउने ।

**समाज कल्याण शाखा**

यस शाखाका प्रमुखले कार्यकारी अधिकृतको रेखदेख र नियन्त्रणमा उत्तरदायी भई देहाय बमोजिमका कार्यहरु (काम, कर्तब्य र जिम्मेवारी) गर्नु गराउनु पर्दछ ।

- अन्य निकाय समेतको समन्वयमा खाद्य पदार्थको परिमाण तथा गुणस्तर निरीक्षण, अनुगमन गरी जनचेतनामुलक कार्यहरु संचालन गर्ने ।
- खाद्य उत्पादन, ओसार पसार र बिक्रि बितरण नियन्त्रण गर्ने ।
- जनस्वास्थ्यमा प्रतिकुलअसर पार्ने बस्तुको बिक्री बितरण नियन्त्रण गर्ने ।
- औषधीहरुको गुणस्तर सम्बन्धी अनुगमन गर्ने र गुणस्तर नभएमा कारबाही गर्ने ।
- मासु माछा जस्ता सड्ने गल्ने बिषाक्त हुने खाद्य पदार्थको नियमित गुणस्तर जांच गर्ने ।
- होटल तथा रेष्टुरेन्टहरुमा Food Adulteration बारे नियमित निरिक्षण अनुगमण गर्ने र गुणस्तरहीन फेला परेमा आबश्यक कार्बाही गर्ने ।
- खाद्य पदार्थ तथा औषधीको गुणस्तर र प्रयोग संबन्धमा जनचेतना जगाउने ।
- तयारी खाद्य पदार्थ र माछा, मासु खुला रुपमा बिक्री गर्न दिने ब्यबस्था हटाउने ।
- नशायुक्त औषधीहरुको बिक्रि बितरणमा नियन्त्रण गर्ने ।
- शाखा अन्तरगतका कर्मचारीहरुको दैनिक प्रशासनिक कार्य गर्ने ।
- शाखा अन्तरगतका कर्मचारीहरुको ७ दिन सम्मको बिदा स्विकृत गर्ने ।
- आफनो शाखा अन्तरगतका कर्मचारीहरुको कार्य बिभाजन तथा कार्य बिबरण तोक्ने ।
- मातहतका कर्मचारीहरु लाई कार्यालय समय भन्दा बढि समय काम गराउन परेमा सिफारीस साथ निर्णय गराई काममा लगाउने ।
- आफनोशाखा मातहतका कर्मचारीहरुलाई कार्य सिबबरण तयार गरी उपलब्ध गराउने ।
- मातहतका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङकण गर्ने ।
- निर्देशनमा आई पर्ने अन्य काम गर्ने ।

## आर्थिक प्रशासन शाखा

यस उपशाखा प्रमूखले सचिब (कार्यकारी अधिकृत) को रेखदेख र नियन्त्रणमा शाखा प्रमूखप्रति उत्तरदायी भई देहाय बमोजिमका कार्यहरु (काम कर्तब्य र अधिकार) गर्नू गराउनू पर्दछ ।

- ❖ नगरपालिकाको बार्षिक बजेट तथा कार्यक्रम तर्जूम गर्न प्रारम्भीक खाका तयार गरी पेश गर्ने ।
- ❖ उप शाखासंग सम्बद्ध कार्य निति र कार्य योजना तर्जूमा गरी पेश गर्ने र सो अनूसार कार्यन्वयन गर्ने ।
- ❖ आगामी आ.ब. को बार्षिक बजेटको मस्यौदा तयारीको लागी सबै शाखा र उपशाखा बाट आबस्यक बजेटको माग संकलन गरी पेसगर्ने ।
- ❖ स्विकृत बजेट तथा कार्यक्रम अनूरुप कार्य योजना बनाई रकम खर्च गर्न पेस गर्ने ।
- ❖ आय ब्ययको अबस्थाको बिबरण हेरी सो अनूरुप संतूलन कायम गर्न पहल गर्ने ।
- ❖ कर्य योजना अनूसार रकम निकासा माग गर्ने खर्च गर्ने र प्रतिबेदन तयार गर्ने कार्य गरी पेस गर्ने ।
- ❖ खर्च सम्पती दायीत्व र धरौटी सम्बनधि र लेखाङकन गर्ने प्रतिबेदन तयार गर्ने ।
- ❖ आर्थिक बिबरण तयार गर्ने ।
- ❖ समयमानै लेखा परिक्षण गराउने र पेश्की तथा बेरुजू फर्च्योट सम्बन्धी काम गर्ने ।
- ❖ कर्मचारी कल्याणकारी कोषमा रकम जम्मा गर्ने कार्य गर्ने ।
- ❖ सामाजिक सूरक्षाको भत्ता समयमानै बितरण गर्ने बातावरण मिलाउने ।
- ❖ जिन्सी उपशाखा बाट प्राप्त बिलहरु जांच गरी भौचर उठाई चेक बनाउने ।
- ❖ निर्माण सम्बन्धी बिल (एम.बि.) जांच गरी भौचर उठाई चेक तयार गर्ने ।
- ❖ जन प्रतिनिधिहरुको भत्ता पारिश्रमिक तथा कर्मचारीहरुको मासिक तलब भत्ता बितरण गर्ने
- ❖ कर्मचारी संचयकोष र अन्य कोष कट्टि रकम सम्बन्धित खातामा जम्मा गर्ने र आम्दानी बांध्ने प्रबन्ध मिलाउने ।
- ❖ आम्दानी तथा खर्च तर्फको मासिक मास्केवारी तयार गरी नियमितरुपमा संबन्धित निकायमा पठाउन पेस गर्ने ।
- ❖ टेलिफोन, बिद्यूत, पानी महसूल समयमा बूझाउने ब्यबस्था गर्ने ।
- ❖ पूराना पेश्की बांकी रहेको असूल उपरगर्ने तथा फर्च्योट गर्न गराउन आबस्यक कार्बाही गरी सोको मासीक रिपोर्ट सम्बन्धित निकायमा पठाउने ।
- ❖ अन्तिम ले.प. बाट प्राप्त हून आएका बेरुजूहरु नियमित गर्ने बेरुजू सम्प्रेक्षण गराउने असूल उपर गर्नू पर्ने भए असूल उपर गरी बेरुजू फर्च्योट गर्न गराउन आबस्यक सहयोग गरी सोको मासिक रिपोर्ट सम्बन्धित निकायमा पठाउन तयार गर्ने ।
- ❖ नियमित रुपमा आन्तरिरक लेखा परिक्षण गराउन सहयोग गर्ने ।
- ❖ मासिक बैंक स्टेटमेन्ट झिकाउने र रिकन्साईल गर्न सहयोग गर्ने ।
- ❖ बैंक नगदी किताब , बजेटसिटु पेश्की लेजर तथा अन्य खाताहरु सचिब बाट प्रमाणित गराउने ।
- ❖ आगामी आ.ब. को यथार्थपरक अनूमानित बार्षिक बजेट तर्जूमाको मसौदा तयार गर्ने कार्यमा सहयोग पूऱ्याउने ।
- ❖ कर्मचारीहरुलाई कार्य बिबरण तयार गरी पेश गर्ने निर्णय बमोजिम उपलब्ध गराउने ।
- ❖ अबकास पाएका कर्मचारी हरुको उपदानसंचित बिदाको रकम कर्मचारी संचयकोष रकम दिने ब्यबस्था गर्न सहयोग गर्ने ।
- ❖ नेपाल सरकारबाट सामाजिक सूरक्षा बापत प्राप्त रकमको निकासा दिन पेस गर्ने ।
- ❖ सामाजिक सूरक्षको फाटवरी तयार गर्ने र सम्बन्धीत निकायमा पठाउन पेश गर्ने ।
- ❖ शाखा अन्तरगतका कर्मचारी हरुको दैनिक प्रशासनिक कार्य गर्ने ।
- ❖ आफ्नो मातहतका कर्मचारीहरुमा समन्वय कायम गर्ने र सहयोगको भावना बिकसित गराउने ।

- तोकियका कार्यहरुको प्रगति सम्बन्धमा नियमित अनुगमन निरिक्षण गरी कर्मचारीहरुलाई आबस्यक निर्देशन दिने ।
- प्रत्यायोजित अधिकार अनुरुप कार्य गर्ने ।
- आफ्नो उपशाखा संग सम्बन्धीत बिषयमा भएका न.पा.का निर्णयहरु कार्यान्वयन गर्न गराउने ।
- आफ्नो उपशाखामा कार्यरत सबै कर्मचारीहरुको कार्य बिबरण अध्याबधिक गरी लागू गर्ने ।
- आफ्नो उपशाखामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन गर्न पेस गर्ने ।
- आफ्नो उपशाखामा कार्यरत कर्मचारीहरुलार्य दण्ड तथा पुरुस्कारको सिफारिस गर्ने ।
- आफ्नो उपशाखामा रहेका जिन्सी सामान , सवारी साधन तगायतका बस्तूहरुको रेकर्ड राखी, राख्न लगाई आबस्यक प्रतिबेदन समेत तयार गर्ने ।
- उपशाखाको कार्यक्षत्र भित्रका बिषयहरुमा छलफल, अन्तरक्रिया, गोष्टी आदिको आयोजना गर्ने ।
- उपशाखा अन्तरगतका कर्मचारीहरुको ७ दिन सम्मको बिदा स्विकृत गर्ने कार्यमा शाखा प्रमूख समक्ष पेश गर्ने ।
- नगरपालिकाले गरेका निर्णयहरु कार्यान्वयन गर्नको लागी कजेट निकासाको ब्यबस्था मिलाउने ।
- नगरपालिकाको आम्दानी र खर्चको लेखा दूरुस्त राख्ने ब्यबस्था मिलाउने ।
- बार्षिक बजेटको खाका तयार गरि शाखा प्रमूखमा पेश गर्ने ।
- न.पा. को कोष सम्पत्ति दायित्व र आम्दानी तथा खर्च सम्बन्धि बिबरण दूरुस्त राख्ने राख्न लगाउने र सम्बन्धित निकायमा प्रतिबेदन गर्ने ।
- न.पा. को आम्दानी खर्चको लेखा परिक्षण गर्ने गराउने र पेश्की बेरुजू फछ्र्यौट गर्न गराउने कार्यमा सहयोग गर्ने ।
- ठेक्कापट्टाबाट संचालन गरिने बिकास निमार्ण कार्यहरुको लागि सो सम्बन्धि प्रकृया अबलम्बन गरि कार्यान्वयन गर्ने ।

**आन्तरिक लेखा परिक्षण शाखा**

यस शाखाका प्रमूखले कार्यकारी अधिकृतप्रति उत्तरदायी भई देहाय बमोजिमका कार्यह(काम, कर्तब्य र जिम्मेवारी) गर्नू गराउनू पर्दछ ।

- आय ब्यय र धरौटिको स्रेस्ताको मासिक रुपमा लेखा परिक्षण गर्ने ।
- अन्तीम लेखा परिक्षणका लागी श्रेष्ता तयारी राख्न सहयोग पूऱ्याउने ।
- आन्तरिक लेखा परिक्षण गर्दा कूनै गम्भीर प्रकारको आर्थिक अनियमितता रकम हिनामिना भएको देखिएमा लेखा समितिमा तूरुन्त प्रतिबेदन गरी प्राप्त निर्देसन अनूसार गर्ने ।
- आन्तरिक लेखा परिक्षणबाट देखिएका त्रूटिहरुका संबन्धमा आन्तरिक लेखा परिक्षण सम्पन्न गरेको मितिले ७ दिन भित्र प्रमूख र सचिब समक्ष प्रतिबेदन पेश गर्ने ।
- माथि उल्लेख भए बमोजिम प्तिबेदन पेश गरेपछी प्रमूख वा सचिबले कूनै निर्देशन दिएमा त्यसको कार्यान्वयन गर्ने ।
- अन्तिम लेखापरिक्षण गर्नूअघि आन्तरिक लेखा परिक्षणबाट औंल्यायको बेरुजू र त्यस सम्बन्धमा भएको कार्बाही र शाखाको धारणा सहितको प्रतिबेदन न्तिम लेखा परिक्षक समक्ष पेश गर्ने ।
- नगरपालिका अन्तरगतका बिषयगत शाखाको आन्तरिक लेखा परिक्षण गर्ने ।
- लेखा समितिकोसचिवालयको काम गर्ने ।
- स्थानिय निकाय अन्तरगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन पारीत गर्ने ।
- परिषदको निर्णय बमोजिम बेरुजू फर्च्योट भयअनूरुप बेरुजूको लगत कट्टा गर्ने ।
- लेखा परिक्षण प्रतिबेदन लेखा समितिको बैठकमा पेश गर्ने ।
- नगरपालिकाबाट भय गरेका खर्चहरुको मासिकरुपमा आन्तरीक लेखा परिक्षण गर्ने ।
- पन्ध्र हजार भन्दा बढि पेश्की दिनूपर्दा वा भूक्तनी गर्दा प्रचलित कानून बमोजिम रित पूगेको वा नपूगेको सम्बन्धमा पुर्ब आ.ले.प. गर्ने ।

- पुर्ब आन्तरीक लेखा परिक्षणको निमती प्राप्त बिल जांच गर्दा यस नियमावली र प्रचलित कानूनको रित नपूगेको देखिएमा सोको ब्यहोरा खूलाई सचिब समक्ष पेश गरी भएको निर्देशनको कार्यान्वयन गर्न आर्थिक प्रशासन शाखामा पठाउने ।
- आन्तरिक लेखापरिक्षणबाट देखिएका बेरुजूहरु नियमित गर्न सचिब (आर्यकारी अधिकृत) समक्ष पतिबेदन गर्ने ।
- मासिक रुपमा आम्दानी तथा खर्च सम्बन्धी हिसाब खाताको परिक्षण गरी त्रूटि देखिएमा नगरपालिकामा पेश गर्ने ।
- शिर्षकगत रुपमा बिनियोजित बजेट र खर्चको तालमेलको बिष्लेशण गरी यथार्त प्रतिबेदन सचिब ( कार्यकारी अधिकृत) लाई गर्ने ।
- पेश्की बेरुजूहरुको लगत अद्याबधिक गरी फर्च्योट तथा नियमित गर्न सहयोग गर्ने ।
- बजेटमा अनूमान गरीएको श्रोत परिचालन अनूरुप आम्दानी भए नभएको मूल्याङकन गरी प्रतिबेदन गर्ने ।
- बार्षिक कार्यक्रममा उल्लेख भएका योजना⁄ कार्यक्रममध्ये कति संचालन भए, कति भएनन् सोको चौमासीक प्रतिबेदन गर्ने ।
- अन्तिम लेखा परिक्षणका लागी कागजात तथा सुचनाहरु जूटाईदिने ।
- अन्तिम लेखापरिक्षणको प्रारम्भीक प्रतिबेदनमा प्रतिकृया उपलब्ध गराउनूपर्ने भए सोको मस्यौदा तयार गर्ने ।
- अन्तिम लेखापरिक्षणको प्रतिबेदनमा लेखा समितिले दिएको प्रतिकृया समेत समाबेश गरी सम्परिक्षणको लागी सहयोग गर्ने ।
- अन्तिम लेखापरिक्षणबाट देखिएका बेरुजूहरु नियमित गर्नूपर्ने भए सो सम्बन्धी काम गर्ने ।
- अन्तिम लेखा परिक्षण प्रतिबेदन तयार गरी संबन्धीत निकायहरु र मन्त्रालयमा पठाउने ब्यबस्था गर्ने ।
- लेखा समितिलाई आबस्यक पर्ने बिबरणहरु तयार गरी उपलब्ध गराउने ।
- लेखा समितिको बैठक संचालनमा सहयोग गर्ने र निर्णयहरु सम्बन्धीत बिभागमा पठाउने ।
- जिन्सी श्रेष्ताको बार्षिक निरिक्षणलाई प्रभाबकारी बनाउन राय दिने ।
- साजश्व असूली दैनिक बैंक दाखिला भए नभएको जांच गरी बैंक दाखिला नियमित गर्न लगाउने ।
- लिलाम बिक्र गर्नू भनि अन्तिम लेखापरिक्षणबाट औलइार्यएका बस्तूहरु लिलाम बिक्रि भएका छन छैनन् त्यसको जांच गरी प्रतिबेदन गर्ने ।
- जिन्सी श्रेष्ता राजश्वको दैनिक आम्दानी फारमहरुको प्रभाबकारी प्रयोग भए नभएको जांच गरी प्रभाबकारी प्रयोगका लागी प्रतिबेदन गर्ने ।
- शाखा अन्तरगतका कर्मचारीहरुको दैनिक प्रशासनिक कार्य गर्ने ।
- शाखा अन्तरगतका कर्मचारीहरुको ३ दिन सम्मको बिदा स्विकृत गर्ने ।
- आफ्नो शाखा अन्तरगतका कर्मचारीहरुको कार्य बिभाजन तथा कार्य बिबरण तोक्ने ।
- मातहतका कर्मचारीहरुलाई कार्यालय समय भन्दा बढि समय काम लगाउन परेमा सिफारिस साथ निर्णय गराई काममा लगाउने ।
- आफ्नो शाखा मातहतका कर्मचारीहरुलाई कार्य बिबरण तयार गरी उपलब्ध गराउने ।
- मातहतका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङकन गर्ने ।
- सचिब (कार्यकारी अधिकृत) को निर्देसनमा अन्य काम गर्ने ।

### ७ योजना तथा प्रबिधिक शाखा

यस शाखाका प्रमूखले कार्यकारी अधिकृतको रेखदेख र नियन्त्रणमा रही देहाय बमोजिमका कार्यहरु ( काम कर्तब्य र जिम्मेवारी) गर्नू गराउनू पर्दछ ।

- सम्बन्धित षियहरु नगरपालिकाको परिषद तथा बोर्ड बाट निर्णय गराउन आबस्यक पर्ने भएमा सोको बिस्तृत बिबरण तयार गरी कार्यकारी अधिकृत समक्ष पेश गर्ने ।

- परिषद तथा बोर्डबाट भएका सम्बन्धित बिषयमा भएका निर्णयहरुको कार्यान्वयन गर्ने गराउने ।
- योजना सम्बन्धि कार्यको बिषयमा निति तय गर्ने, मार्यबिधि निर्देशिका तयार गर्ने कार्यक्रम बनाई पेश गर्ने ।
- साखा तथा उपशाखाहरु बिच अन्तरसमन्वय तथा सहयोग गर्ने ।
- उपशाखाहरुको दैनिक कार्यको अनूगमन, निरिक्षण गर्ने र आबश्यक निर्देशन दिने ।
- समपन्न गनूपर्ने कार्यहरुको निरिक्षण, अध्ययन तथा बिश्लेषण प्राप्त सूझाबका आधारमा समेत सूधारउन्मूख कार्य गनेनृ गराउने ।
- उपशाखाहरुमा तोकिएका कार्यहरुको नियमित मूल्याङकन गरी कार्यकारी अधिकृत समक्ष पेशि गर्ने ।
- मातहतका कर्मचारीहरुको दण्ड तथा पूरस्कार सम्बन्धि आबस्यक कार्य गर्ने ।
- शाखा तथा उपशाखाका सबै कर्मचारीको कार्य बिबरण अद्याबधिक गरी सो बमेजिम कार्य भए नभएको हेरी कार्यकारी अधिकृत समक्ष पेश गर्ने ।
- मातहतका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङकन गर्ने ।
- माग भएका बिषयमा शाखा, उपशाखाहरुको समेत राय लिनूपर्ने भए लिई साय उपलब्ध गराउने ।
- नगर क्षेत्रमा आबस्यक्ता पर्ने ढल, सडक आदी भौतिक पुर्बाधारको सर्बेक्षण गरी बार्षिक योजनामा समाबेस गर्न पेश गर्ने ।
- स्विकृत भौतिक निर्माण सम्बन्धि योजनाहरुको कार्य योजना तयार गरी कार्यान्वयन गर्ने गराउने ।
- संचालन भएका योजनाहरुको निरिक्षण गरी कार्यान्वयनमा प्रभाबकारीता ल्याउने ।
- चालू र सम्पन्न योजनाहरुको प्रगति बिबरण तयार गर्ने गराउने र नियमित रुपमा समिक्षा बैठकमा पेश गर्ने ।
- योजना संचालनका लागी लगत सहभागीता र जन सहभागीता जूटाउन निति तयार गर्ने र स्विकृत भए अनूसार कार्यान्वयन गर्ने गराउने ।
- बिकास निर्माणका योजनाहरुको संभाब्यता अध्ययन, सर्भे, डिजाइन, नक्सा, लगत स्टिमेट आदी कागजात उपयूक्त भए नभएको जांच गर्ने ।
- योजनाहरुको मर्मत सम्भार सम्बन्धि कार्य योजना बनाई कार्यन्वयन गर्ने ब्यबस्था मिलाउने ।
- नगरपालिका अन्तरगतका अन्य शाखा वा सम्बद्ध पदाधिकारी, कर्मचारी संग समन्वय राखी कार्य गर्ने ।
- उपलब्ध गराउने सेवाहरुलाई सरल, सहज, चूस्त, दूरुस्त, पारदर्शि र मितब्ययी गराउन थफ गर्नूपर्ने सूधारकाकार्यक्रमहरु पेश गर्ने ।
- तालिम, अध्ययन, भ्रमण जस्ता कार्यक्रमहरुमा बिभाग स्तरबाट मोनयन तथा सिफारिस गर्ने ।
- शाखामा रहेका जिन्सी समान, सवारी साधन लगाएतका बस्तूहरुको रेकर्ड राखी, राख्न लगाई आबस्यक प्रतिबेदन समेत तयार गर्ने ।
- प्रतयायोजित अधिकार अनूरुप कार्य गर्ने ।
- आर्यकारी अधिकृतले निर्देशन गरे बमोजिम अन्य कामहरु गर्ने ।

सुचना शाखा

शाखा र शाखा प्रमूखका मूख्य मूख्य कार्यहरु

- ❖ नगरपालिकाको सुचना तथा अभिलेख केन्द्र लाई व्यबस्थित र प्रभाबकारी तूल्याउने ।
- ❖ भौगोलिक सुचना प्रणली तयार गरी त्यसलाई अद्यावधिक बनाउदै लैजाने ।
- ❖ उक्त सुचना केन्द्रमा सर्ब साधारण जन्ताको पहूंच पूऱ्याउने ।
- ❖ कम्प्युटर प्रणालीबाट सुचना संकलन र प्रबाह सम्बन्धि कार्य गर्ने गराउने ।
- ❖ नगरपालिकाका लागी महत्वपूर्ण मानिएका नगरपालिका भित्रका टोल, बस्ती, रक्षेत्र, राष्ट्रिय र अन्तराष्ट्रिय सुचना समेत संकलन गरी व्यबस्थित ढङगले राख्ने ब्यबस्था गर्ने ।
- ❖ उपयुक्त बमोजिमका सुचना आबस्यक पर्ने नगरबासी, नागरिक र अन्य सरोकारवाला ब्यक्तिहरुलाई उपलब्ध गराउने ।
- ❖ सरोकारवाला ब्यक्तिसंग बिभिन्न किसिमका सुचना प्राप्त गर्ने ।
- ❖ सुचना संकलन तथा प्रचार प्रसार गर्ने ।
- ❖ टेलिफोन, इमेल, र इन्टरनेट सेवाको प्रभाबकारी उपयोग एबम् संचालन सम्बन्धि कार्य गर्ने गराउने ।
- ❖ नगरपालिकाको आन्तरिक तथा बाहिरी क्षेत्रको तथ्याङक अद्यावधिक गर्ने ।
- ❖ नगरपालिकाको महत्वपूर्ण अभिलेख ब्यबस्थित गर्ने ।
- ❖ रेडियो तथा टेलिभिजन सम्बन्धि कार्यक्रम संचालन गर्ने ।
- ❖ नगरपालिकाको सुचना आबस्यक्ता अनूसार प्रबाहित गर्ने ।
- ❖ भौगोलिक सुचना प्रणाली स्थापना सम्बन्धि कार्य गर्ने ।
- ❖ नगरपालिकाको बूलेटिन, ब्रोसियर , प्रोफाइल प्रकासन गर्ने ।

**ख राजश्व उपशाखा**

- ❖ राजश्वका उपयोग भई आएका श्रोतहरुको अलवा नया श्रोतहरु पहिचान गरी श्रोत परिचालनको लागी आबस्यक ब्यबस्था मिलाउने ।
- ❖ राजश्व संकलनमा आईपर्ने बाधा अडचनलाई न्युनिकरण गर्दै राजश्व अभिबृद्धिमा प्रभाबकारीता ल्याउन राजश्व गस्ती (च्भखभलगभ भ्लायचअभ्रूभलतण ब्यबस्थ ागर्ने ।
- ❖ शाखा संग सम्बन्धित बिषयहरु न.पा. परिषद तथा बोर्डबाट निर्णय गराउन आबस्यक पर्ने भएमा सोको बिस्तृत बिबरण तयार गरी कार्यकारी अधिकृत समक्ष पेस गर्ने ।
- ❖ परिषद तथा बोर्डबाट भएका सम्बन्धित बिषयमा भएकानिर्णयहरुको कार्यान्वयन गर्ने गराउने ।
- ❖ राजश्व परामर्स समितिको बैठक बस्नेब्यबस्था मिलाउने र समितिलेगरेका निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।
- ❖ नगरपालिकाको राजश्व अभिबृद्धिका लागी सम्बद्ध निकायहरुसंग समन्वय गर्ने तथा नगरका व्यापारी, उद्योगपती र अन्य ब्यबसायी तथा अन्य करदाताहरुसंग छलफल गर्ने ब्यबस्था मिलाई राजश्व अभिबृद्धि र ब्यबस्थापनमा सघाउ पूऱ्याउने ।
- ❖ उपशाखासंग सम्बन्धित कार्यहरुको बिषयमा निति तय गर्ने, कार्यबिधि, निर्देसिकातयार गर्ने, कार्यक्रम बनाई पेस गर्ने ।
- ❖ उपशाखा अन्तरगतका कर्मचारीहरु बिच अन्तर समन्वय तथा सहयोग गर्ने ।
- ❖ दैनिक कार्यहरु संचालन गर्ने ।
- ❖ उपशाखा मातहत सम्पन्न गर्नूपर्ने कार्यहरुको निरिक्षण, अनूगमण, अध्ययन र बिश्लेषण गर्ने र सूझाव समेत संकलन गरी सूधारका कार्य गर्ने गराउने ब्यबस्था मिलाउने ।
- ❖ उपशाखाहरुमा तोकिएका कार्यहरुको मूल्याङकन गरी शाखा प्रमूख समक्ष पेश गर्ने ।
- ❖ मातहतका कर्मचारीहरुकोकार्यसमपादन मूल्याङकनगर्न पेश गर्ने ।
- ❖ शाखा अन्तरगतका उपशाखाका सबै कर्मचारीहरुको कार्य बिबरण अद्यावधिक गरी सो बमोजिम कार्य सम्पादन भए नभएको बिबरण तयार गरी पेश गर्ने ।

- मातहतका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन गर्न पेश गर्ने ।
- माग भएका बिषयमा राय लिनूपर्ने भय लिई राय उपलब्ध गराउने ।
- नगरपालिका अन्तरगतका अन्य योजना वा सम्बद्ध पदाधिकारी ,कर्मचारीसंग समन्वयराखी कार्य गर्ने ।
- मातहत उपलब्ध गराउने सेवाहरुलाई सरल, सहज, चूस्त, दूरुस्त, पारदर्सि र मितब्ययी गराउन थप गनूपर्ने सूधारका कार्यक्रमहरु पेश गर्ने ।
- तालिम, अध्ययन जस्ता कार्यक्रमहरुमा बिभाग स्तरबाट मनोनयनको लागी सिफारिस गर्ने ।
- नगरपालिकाको राजश्व चूहावट नियन्त्रण गर्न कार्ययोजन ागर्ने ।
- शाखा उपशाखाहरुमा रहेका जिन्सी समान, सवारी साधन लगएतका बस्तूहरुको रेकर्ड राखी, राख्न लगाई आबश्यक प्रतिबेदन समेत तयार गर्ने ।
- प्रत्यायोजित अधिकार अनूरुप कार्य गर्ने ।

**अन्य कार्यहरु**

- नगरपालिकाले राजश्व परिचालन सम्बन्धमा अबलम्बन गर्ने निति बिषयमा निर्णय गर्न आबस्यक सुचना संकलन गरी निति निर्माणमा सहयोग गर्ने ।
- बांकी रहेको कर,दस्तूर, सूल्क, महसूल आदिको लगत दूरुस्त राख्ने ।
- घर जग्गा कर ब्यबसाय कर, लगाएत अन्य कर संकलन गर्ने गराउने ।
- दस्तूर, महसूल, भाडा, जरिवाना, सूल्क संकलन गर्ने गराउने ।
- सेवा सूल्क तथा बाकी बक्यौदा असूल उपर गर्ने गराउने ।
- न.पा. अन्तरगत बिभिन्न शाखा उपशाखा तथा वडा कार्यालयकाट संकलनहूने राजश्व केन्द्रिय राजश्व खातामा दैनिक जम्मागरी अभिलेख दूरुस्त राख्ने ।
- दैनिक आम्दानी तेरिज तयारगरी शाखा प्रमूख समक्ष पठाउने ।
- नगत दाखिला एबं राजश्व लेखाङ्कन र प्रतिबेदन तयारी सम्बन्धि कार्य गर्ने ।
- कर टोली एबं कर निरेक्षकहरु खटाई राजश्व अभिबृद्धिमा प्रभाबकारीता हासिल गर्ने ।
- राजश्व लेखा परिक्षण गर्ने लेखापरिक्षण बाट देखिएका बेरुजू नियमित गरी फच्र्यौट गर्ने ।
- बजेट तर्जूमा कार्यमा सहयोग पूऱ्याउने ।
- कार्य टोली बनाई कार्ययोजना अनूरुप साश्व संकलनमा प्रभाबकारीता ल्याउने ।
- नगरपालिकाको राजश्व चूहावट नियन्त्रण गर्न कार्ययोजना बनाई कार्यन्वयन गर्ने ।
- उपशाखाको कार्यसंग सम्बद्ध कार्यनिति र कार्य योजना थर्जूमा गरी पेश गर्ने र सो बमोजिम कार्यान्वयन गर्ने ।
- उपशाखा लाई तोकिएका कार्यहरुको प्रगति बिबरण पेश गर्ने ।
- उपशाखा संग सम्बन्धित बिषयमा भएका न.पा.का निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।
- उपशाखा अन्तरगत सबै कर्मचारीहरुको कार्यबिबरण अद्याबधिक गरी लागू गर्ने ।
- उपशाखामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन गर्न पेश गर्ने ।
- कर्मचारीहरुलाई दण्ड तथा पूरस्कारको सिफरिस गर्ने ।
- शाखाको कार्यक्षेत्र भित्रका बिषयहरुमा छलफल, अन्तरक्रिया, गोष्ठी आदिको आयोजना गर्ने ।
- आफू मातहतका सम्बद्ध सबैकिसिमका प्रशासनिक कार्य गर्ने गराउने ।

- राजश्वका क्षेत्रहरुको पहिचान आंकलन र कार्यन्वयन सम्बन्धि कार्य गर्ने बिषयमा निर्णय गर्नूपर्ने भए पेश गर्ने ।
- राजश्वका श्रोतहरु पहिचान गर्ने सम्बन्धमा अध्ययन तथा बिश्लेषण गर्ने गराउने ।
- राजश्वको प्रभाबकारी असूली ब्यबस्था मिलाउने र राजश्व चूहावट नियन्त्रण गर्ने ।
- नगरस्तरीय राजश्व परामर्श समितिको काममा आबस्यक सहयोग गर्ने ।
- लागू गरिएका कर सूल्क आदिको प्रभाबकारीता बिश्लेशण गरी थप प्रभाबकारी बनाउन उपायहरु खोज्ने ।
- राजश्व उठाउने र जूटाउने कार्यमा निजि क्षेत्रलाई संकलनगराउन पहल गर्ने ।
- राजश्वका क्षेत्र आबस्यक पूर्बाधारको ब्यबस्था मिलाउन समन्वय गर्ने ।
- राजश्वका श्रोतहरु पहिचान गर्ने सम्बन्धि अध्ययण बिश्लेषण गर्ने, गराउने कार्यमा तथ्याङक सुचना संकलन गर्ने र सहयोग पूऱ्याउने ।
- श्रोत परिचालन सम्बन्धि कार्ययोजना तयार गरी सो अनूसार कार्यन्वयन गर्ने ।
- राजश्व कार्ययोजना कार्यान्वयन गर्न अनूगमन तथा मूल्याङकन गर्ने र प्रभाबकारीता बृद्धि गर्न कार्य गर्ने ।
- राजश्व तथ्याङक संकलन प्रशोधन र प्रस्तूतिकरण सम्कन्धि कार्य गर्ने ।
- साजश्व चूहावट नियन्त्रण सम्कन्धि कार्य गर्ने ।
- नगरपालिकाको श्रोत बिबिधिकरण तथा बार्षिक लक्ष्य निर्धारित गरी पेश गर्ने ।
- आम्दानी बढाउने नया श्रोत पहिचान गरी पेश गर्ने ।
- राजश्वको बार्षिक अनूमान गर्ने र प्रतिबेदन गर्ने ।
- राजश्वको अभिलेख दूरुस्त राख्ने ।
- बार्षिक बजेट तर्जूमा कार्यमा सहयोग गर्ने ।
- राजश्व परामर्श समितिको काम कारबाही निर्देशनभएकमोजिम कार्य गनृे ।
- राजश्व बाडफाडसम्बन्धि कार्यमा आबस्यक सहयोग गर्ने ।
- राजश्व अभिबृद्धि गर्न सरकारी तथा निजि क्षेत्रसंग समन्वय गरी कार्य गर्ने ।
- नगरपालिका लाई बाहय श्रोत जूटाउनेसम्बन्धि कार्बाही उठाउने ।
- प्रत्यायोजित अधिकार अनूरुप कार्य गर्ने ।

**५. बातावरण तथा सरसफाई उपशाखा**

यस शाखाका प्रमूखले सचिब (कार्यकारी अधिकृत) को रेखदेख र नियन्त्रणमा निज प्रति उत्तरदयी भई देहाय बमोजिमका कार्यहरु (काम कर्तब्य र जिम्मेवारी) गर्नू गराउनू पर्नेछ ।

- शाखासंग संबन्धित बिषयहरु नगरपालिका परिषद तथा बोर्डबाट निर्णय गराउन आबस्यक पर्ने भएमा सोको बिस्तृत बिबरण तयार गरी कार्यकारी अधिकृत समक्ष पेश गर्ने ।
- परिषद तथा बोर्डबाट भएका शाखा संग सम्बन्धित बिषयमा भएका निर्णयहरुको कार्यान्वयन गर्ने गराउने ।
- शाखा संग सम्बन्धित कार्यहरुको बिषयमा निति तय गर्ने, कार्यबिधि निर्देशिका तयार गर्ने, कार्यक्रम बनाई पेश गर्ने ।
- शाखा, उपशाखाहरु बिच अन्तर समन्वयतथा सहयोग गर्ने ।
- शाखा, उपशाखाहरुको दैनिक कार्य अनूगमन, निरिक्षण गर्ने तथा निर्देशन दिने ।
- शाखा मातहत सम्पन्न गर्नू पर्ने कार्यहरुको निरिक्षण , अध्ययन तथा बिश्लेषण गरी प्राप्त सूझाब अनूसार सूधारोन्मूख कार्य गर्ने ।
- शाखा र उपशाखाहरुको दैनिक प्रशासन सम्बन्धि कार्य गर्ने ।
- मातहतका सबै शाखा उपशाखाहरुमा तोकियका कार्यहरुको नियमित मुल्याङकन गरी कार्यकारी अधिकृत समक्ष पेश गर्ने ।

- मातहतका कर्मचारीहरुको दण्ड तथा पुरस्कार सम्बन्धि आबस्यक कार्य गर्ने ।
- शाखा तथा उपशाखा सबै कर्मचारीहरुको कार्य बिबरण अद्यावधिक गरी सो बमोजिम भए नभएको हेरी बिबरण तयार गरी कार्यकारी अधिकृत समक्ष पेश गर्ने ।
- मातहतका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङकन गर्ने ।
- माग भएका बिषयमा आफू मातहतका उपशाखा बाट समेत राय लिनूपर्ने भए लिई राय उपलब्ध गराउने ।
- नगरपालिका अन्तरगतका आयोजना, उपशाखा वा सम्बद्ध पदाधिकारी, कर्मचारीसंग समन्वय राखी कार्य गर्ने ।
- शाखा बाट उपलब्ध गराउने सेवाहरुलाई सरल, सहज, चूस्त, दूरुस्त, पारदर्शी र मितव्ययी गराउन थप गर्नू पर्ने सूधारका कार्यक्रमहरु पेश गर्ने ।
- तालिम, अध्ययन, भ्रमण जस्ता कार्यक्रमहरुमा बिभाग स्तरबाट मनोनयनको लागी सिफरिस गर्ने ।
- शाखा तथा मातहतका उपशाखाहरुमा जिन्सी समान, सवारी साधन लगायतका बस्तूहरुको अभिलेख राखी राख्न लगाई आबस्यक प्रतिबेदन समेत तयार गर्ने ।

**सरसफाई तर्फ**

- सार्बजनिक स्थल सडक, पेटी, चोक, मन्दिर परिसर, गल्ली आदी सार्बजनिक स्थलहरुको नियमित रुपमा सफा सूग्घर राख्ने ।
- नगर क्षेत्रभित्र पैदाहूने फोहरमैलाको दैनिक संकलनको ब्यबस्था मिलाउने ।
- अस्पतालबाट र अन्य स्वास्थ्य क्षेत्रबाट निस्कने फोहरको छुट्टै ब्यबस्थापन मिलाउने ।
- वातावरणीय प्रदूषण घटउने सम्बन्धी निति, योजना, कार्यक्रमको खाका तयार गरी लागू गर्न पेश गर्ने ।
- फोहरमैला ब्यबस्थापनलाई आर्थिक रुपमा सुन्य लागतमा पूर्याउन दिर्घकालिन योजना तर्जूमा तयार गर्ने ।
- फोहरमैला ब्यबस्थापनको लागी त्चभबक्तभलत उबिलत, त्चबलकाबच क्तबतष्यल र ीबलमार्षिक्ष्तिभ संचालन गर्ने ब्यबस्था मिलाउने ।
- सार्बजनिक स्थानमा वेवारिस मरेका जिब जन्तूलाई फयाक्ने ब्यबस्था मिलाउने ।
- फोहरमैला ब्यबस्थापनमा समूदाय र निजि क्षेत्रलाई परिचालन गर्न फोहरमैला समूदायीक बिकास शाखासंग समन्वय गरी कार्य गर्ने ।
- फोहरमैलालाई घर घरमा प्रयोग गर्ने प्रबिधिको ज्ञान जन समूदायलाई दिने ।
- ढल, नालाहरु सफा र दूरुस्त राख्ने र सार्बजनिक सौचालयहरुको संचालन ब्यबस्था मिलाउने ।
- फोहर पानी संकलनहुने खाडलहरु पूर्ने र फोहरबाट बातावरणमा पर्ने असर कम गर्न किटनासक औषधि छर्ने ब्यबस्था मिलाउने ।
- सरसफाई सम्बन्धमा स्थानीय समूदायको सहयोगमा जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने गरउने, शहरी बातावरण संरक्षण र सूधारकालागी कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।
- फोहरमैला ब्यबस्थापनको लागी बैकल्पीक उपायको खोजि गरी कार्यान्वयन गर्ने ।
- नगरक्षेत्रको पार्क बगैचाको बिकास तथा संरक्षण गर्ने ।
- बातावरणीय प्रदूषण नियन्त्रणका लागी मापदण्डहरु लागू गर्ने ब्यबस्था मिलाउने ।
- फोहरमैला ब्यबस्थापनको लागी च्भकयगचअभ या म्भखभयिऊभलत को अवधारणा अबलम्बन गराउने ।
- शहरी बातावरण संरक्षण र फोहरमैला ब्यबस्थापनका लागी जनचेतना अभिबृद्धिमूलक कार्यक्रम संचालन गर्ने ।
- फोहरमैला ब्यबस्थापनमा जनसहभागिता जूटाउने कार्यक्रम जूटाउने ।
- फोहरमैला उत्पादनमा कम गर्ने प्राबिधिकको बिकास गरी कार्यक्रम संचान गर्ने ।
- कूचिकारलाई आबस्यक पर्ने सरसफाई सामाग्रीको ब्यबस्थापन गर्ने र तथ्याङक राख्ने ।
- बिशेष सरसफाई गर्ने क्षेत्रमा घूम्ती सरसफाई कार्य संचालन गर्ने र अनूगमन गर्ने ।
- बेवारिसे लासको सतगतको ब्यबस्था मिलाउने ।

- फोहरमैला संकलन गर्ने कन्टेनरहरुको उपयोग सूब्यबस्थीत रुपमा प्रयोग भए नभएको निरिक्षण गर्ने र संकलित फोहरलाई ब्यस्थापन गर्ने ।
- सरसफाई सूल्क उठाउने कार्यमा आबस्यक सहयोग गर्ने ।
- शाखा अन्तरगतका कर्मचारीहरुको दैनिक प्रशासनिक कार्य गर्ने ।
- कर्मचारीहरुको कार्य बिभाजन तथा कार्य बिबरण तोक्ने ।
- मातहतका कर्मचारीहरुलाई कार्यालय समय भन्दा बढि समय काम गराउन परेमा सिफरिस साथ निर्णय गराई काममा लगाउने ।
- मातहतका कर्मचारीहरुलाई कार्य बिबरण तयार गरी उपलब्ध गराउने ।
- मातहतका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङकन गर्ने ।
- बिभागिय प्रमूखको प्रत्यक्ष निर्देशनमा आई पर्ने अन्य काम गर्ने ।

**क भौतिक पूर्बाधार उपशाखा**

यस उपशाखाका प्रमूखले शाखा प्रमूखको रेखदेख र नियन्त्रणमा देहाय बमोजिमका कार्यहरु (काम कर्तब्य र जिम्मेवारी) गर्नू गराउनू पर्दछ ।

- सम्बद्ध कार्य निति तथा कार्य योजना तर्जूमा गरी पेश गर्ने र सो बमोजिम कार्यान्वयन गर्ने ।
- न.पा. क्षेत्र भित्रका सार्बजनिक निर्माणहरुमा एकरुपता कायम गर्न प्रयत्नरत हरुने ।
- निर्माण गूणस्तर कायम गर्न सार्बजनिक निर्माण सम्बन्धि ल्यक्कक र एबचकभतभच सहितको निर्देसिकाको खाका तयार गर्ने , पेश गर्ने र स्विकृत भए बमोजिम लागू गर्ने ।
- सार्बजनिक निर्माणका लागी आबस्यक दर रेट तयार गर्ने कार्यमा सहयोग पूऱ्याउने ।
- तोकिएको डिजाइन अनूसार कार्य, भए नभएको अनूगमन गरी प्रतिबेदन पेश गर्ने र डिजाइन अनूसार गर्न सहयोग गर्ने ।
- सडक तथा पूल निर्माण सम्बन्धि निति तर्जूम ागर्नको लागी सहयोग गर्ने ।
- नगर क्षेत्र भित्र सडक तथा फूटपाथ निर्माणको लागी सर्बेक्षणतथा मर्मत गर्नको लागी ल.इ. तयार गर्ने ।
- सडक रेलिङ निर्माण तथा मर्मत गर्ने ।
- नगरपालिका क्षेत्रभित्रका सडकहरु (पक्की/कच्ची) को लगत राखी आबस्यक बिश्लेषण सहित मर्मत सूधार गर्ने सम्बन्धमा कार्ययोजना बनाई पेश गर्ने ।
- स्विकृत कार्यक्रम अनूरुप नगर क्षेत्रमा सहायक मार्गहरु निर्माण तथा मर्मत गर्ने ।
- सडक सम्बद्ध सरकारी तथा गैरसरकारी निकायहरु संग समन्वयगरी सडकको गूणस्तर बृद्धि गर्ने ।
- स्विकृत योजनाहरु कार्यान्वयन गर्न कून प्रकृया अबलम्बन गर्ने हो निर्णय अनूसार कार्यान्वयन गर्न पेश गर्ने र स्विकृत भए बमोजिम गर्ने ।
- सडक खन्न स्विकृत दिने ।
- योजनाको नापी किताब, रनिङ बिल र कार्य सम्पन्न प्रतिबेदन तयार गरी पेश गर्ने ।
- टराफिक आईल्याण्ड तथा पार्किङ स्थलहरुको पहिचान गरी बिकास गर्ने ।
- सम्पन्न योजनाहरुको जाच पासको लागी पेश गर्ने ।
- नगर भित्र चल्ने सवारी साधनहरुको लगत राख्ने ।
- नगरक्षेत्र भित्रका यातायात तथा सवारी संम्बन्धि निती अन्य निकाएको समन्वयमा तर्जूमा गरी पेश गर्ने ।
- नगरक्षेत्रमा संचालित सवारी साधन हरुको दर्ता गर्ने कार्य गर्ने ।
- सवारी साधनहरुको रुट टराफिक कार्यालयको समन्वयमा निर्धारण गर्ने ।
- नगरक्षेत्र भित्र संचालनहूने सवारी साधनको पार्किङको क्षेत्र तोक्ने र त्यसको ब्यबस्थापनको लागी आबस्यक ब्यबस्था मिलाउने ।

- यातायात संचालनको रुट संचालित सवारी साधन र पार्किङ स्थलको निरिक्षण गर्ने ।
- ट्राफिक नियम बारे जनचेतना कार्यक्रम संचालन गर्ने ।
- उपशाखाहरुमा अन्तर उपशाखा समन्वयमा सहयोग गर्ने ।
- शाखालाई तोकिएका कार्यहरुको प्रगति सम्बन्धमा नियमित अनूगमन निरिक्षण तथा निर्देशन दिने ।
- सम्बन्धित बिषयमा भएका न.पा.का निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।
- उपशाखाहरुमा कार्यरत सबै कर्मचारीहरुको कार्य बिबरण अद्यावधिक गरी लागू गर्ने ।
- उपशाखामा कार्यरत कर्मचारीहरुकोकार्य सम्पादन मूल्याङ्कन गर्ने ।
- शाखा र मातहतका उपशाखाहरुमा जिन्सी समान सवारी साधन लगयतका बस्तूहरुको रेकर्ड राखी, रख्न लगाई आबस्यक प्रतिबेदन समेत तयार गर्ने ।
- शाखाको कार्य क्षेत्र भित्रका बिषयहरुमा छलफल, अन्तरक्रिया, गोष्ठी आदिको आयोजन गर्ने प्रबन्ध मिलाउने ।
